# स्थानीय राजपत्र

---

## मुसिकोट नगरपालिका, रुकुम (पश्चिम)

## कर्णाली प्रदेश, नेपाल

खण्डः २, वर्षः २ मंसीर, १२ गते २०७५ साल संख्या : ८

**भाग २**

**मुसिकोट नगरपालिका**

**मुसिकोट नगर कार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## श्रम सहकारी गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५

**प्रस्तावना :**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्वन्धी कार्य सञ्चालनको लागि मुसिकोट नगरपालिकाले श्रम सहकारी गठन, परिचालन तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले मुसिकोट नगरपालिकाको सहकारी ऐन २०७४ को दफा ३को उपदफा २ बमोजिम मुसिकोट नगरपालिकाले यो कार्य विधि जारि गरेको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम मुसिकोट नगरपालिकाको श्रम सहकारी गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क)“अध्यक्ष” भन्नाले श्रम सहकारीको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख)“आयोजना” भन्नाले मुसिकोट नगरपालिका वा सो अन्तर्गतको वडाबाट पुर्ण वा आंशिक लागत साझेदारिमा सञ्चालित योजना वा कार्यक्रम वा आयोजना वा परियोजनालाई सम्झनु पर्छ । र यसले बाँफिकोट गाँउ सभा बाट स्वीकृत भएको गैर सरकारी संघ संस्था गैर नाफा मुलक संस्था वा अन्य सामुदायिक संस्थाको आयोजना समेतलाई जनाउनेछ ।

(ग)“लाभग्राही भन्नाले” आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउछ ।

(घ)“सम्झौता” भन्नाले आयोजनाको निर्माण सञ्चालन व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र श्रम सहकारी विच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ ।

(ङ)“श्रम सहकारी” भन्नाले मुसिकोट नगरपालिका भित्रका आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार गर्ने सहकारीका मूल्य मान्यता बमोजिम गठन भइ दर्ताकार्लयमा दर्ता भएको सहकारी सम्झनु पर्दछ ।

(च)“कार्यालय” भन्नाले मुसिकोट नगरपालिका कार्यपालिका कार्यालयलाई बुझाउँछ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

(छ) “कार्यपालिका” भन्नाले मुसिकोट नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ज)“ठुलो मेशिनरी तथा उपकरण” भन्नाले वातावरणलाई अत्याधिक ह्रास पुर्‍याउने प्रकृतिका ठुला मेशिनरी उपकरण ( बुल्डोजर, एक्साभेटर, जे.सि.वी. जस्ता ) र श्रममुलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्दछ ।

(झ) “पदाधिकारी” भन्नाले श्रम सहकारीका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषध्यक्षलाई सम्झनु पर्दछ ।

(ञ) “वडा” भन्नाले मुसिकोट नगरपालिका भित्रका वडालाई सम्झनु पर्दछ ।

(ट) “वडा अध्यक्ष” भन्नाले आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ठ) “सदस्य” भन्नाले श्रम सहकारीका सदस्यालाई जनाउनेछ र सो शब्दले श्रम सहकारीका पदाधिकारी लाई समेत जनाउनेछ ।

३. **कार्यविधिको पालना गर्नुपर्ने :** (१) मुसिकोट नगरपालिका भित्र कार्यान्वयन हुने आयोजनाको निर्माण, सञ्चालन, मर्मत सम्भार कार्य गर्नको लागि गठन हुने श्रम सहकारीले पुर्णरुपमा यो कार्यविधिको पालना गर्नु पर्नेछ ।

(२) कुल लागत रु १ करोड सम्म भएको तथा स्थानीय सीप श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन श्रम सहकारी मार्फत गर्न सकिनेछ ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

## परिच्छेद–२
## श्रम सहकारीको गठन र सञ्चालन

**४. श्रम सहकारी गठन सम्वन्धी व्यवस्था :** (१) कम्तीमा तीस जना नेपाली नागरिकहरु आपसमा मिली श्रमसहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा संचालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा वहाल रहेका कम्तीमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

तर एकसय जनाभन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तीमा तीसजना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

(३) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक संस्थापक सदस्यका दरले संख्या पुगेको हुनुपर्नेछ ।

तर संस्था स्थापना भएको ३ महिना पश्चात परिवारका अन्य सदस्यहरु पनि प्रतिवद्धतापत्रत्र अनुरुप सदस्य बन्न सक्नेछन ।

(१) श्रम सहकारी गठन देहाय बमोजिम गर्नुपर्नेछ ।

(क)आयोजना बाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको अधिक्तम सहभागितामा सम्वन्धित आयोजना क्षेत्रमा नै कम्तीमा ३० सदस्यीय श्रम सहकारी गठन गर्नुपर्नेछ ।

(ख)विकास निर्माणका आयोजना सञ्चालनका लागी गठन हुने श्रम सहकारीमा ७ देखि ११ सदस्य सम्मको सञ्चालक समिति गठन गर्नुपर्नेछ ।

(ग)वडा स्तरीय आयोजना सञ्चालनको लागि श्रम सहकारी गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ ।

(घ)श्रम सहकारी गठनको लागि बोलाईएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यलयको प्रतिनिधिले गराउनु पर्नेछ ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

(ङ)श्रम सहकारी गठन गर्दा समावेशि सिद्धान्तको अवलम्वन गर्नु पर्नेछ । समितिमा कम्तिमा तेत्तिस प्रतिशत (३३ प्रतिशत) महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ ।

(च)एक व्यक्ति एक भन्दा बढि श्रम सहकारीको सदस्य हुन पाउने छैन । साथै सगोलका परिवारबाट एक जना भन्दा बढि व्यक्ति एउटै श्रम सहकारीको सदस्य हुन पाइने छैन ।

(छ)श्रम सहकारीको गठन सकेसम्म सर्वसम्मत तरीकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमत बाट श्रम सहकारीको गठन गरिनेछ ।

(ज)श्रम सहकारी र उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु श्रम सहकारीहरुवाट कार्यान्वयन गर्न प्राथमिक्तता दिईनेछ ।

(झ) श्रम सहकारीले सम्झौता बमोजिम गर्नुपर्ने काम श्रमसहकारीका सदस्य आफैले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई दिई गर्न गराउन पाईने छैन ।

(ञ)कार्यालयले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न श्रम सहकारीको अभिलेख व्यवस्थित गर्नु पर्नेछ ।

(ट) मानवीय श्रमबाट सम्भव नहुने प्रकृतिका योजना तथा आयोजनाहरुको जटील स्थानमा मेशीनरी औजारहरु प्रयोग गर्न सकिने छ ।

**५. श्रम सहकारीका सदस्यको योग्यता :**

(१) श्रम सहकारीका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

(क) सम्वन्धित आयोजना क्षेत्रको स्थायी बासिन्दा,

(ख) १८ वर्ष उमेर पुरा भएको,

(ग) फौंजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(घ) सरकारी बाँकि बक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकि नरहेको,

(ङ) अन्य श्रम सहकारीमा सदस्य नरहेको,

(२) दफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि जनप्रतिनिधि, राजनितिक दलका नगरपालिका स्तरका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक श्रम सहकारीको सदस्यमा बस्न पाईने छैन ।

**६. श्रम सहकारीको काम, कर्तव्य र अधिकार :**

श्रम सहकारीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने,

(ख) उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सुचना तथा मार्गदर्शनको जानकारी गराउने,

(ग) सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने,

(घ) श्रम सहकारीको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने,

(ङ) श्रम सहकारीका सदस्यहरुको क्षमता विकास गर्ने,

(च) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर समय र लागतमा फेरबदल गर्नुपर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने,

(छ) आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य आवश्यक कार्य गर्ने ।

## परिच्छेद–३
## कार्यान्वयन तथा व्यवस्थापन

**७. आयोजना कार्यान्वयन :**

(१) कार्यालयले आ.व. शुरु भएको १५ दिन भित्र श्रम सहकारी गठन/नविकरणको कार्य प्रारम्भ गरी श्रम सहकारीबाट सञ्चालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान/छनौट गरि भाद्र १५ भित्र कार्यान्वयन कार्य योजना बनाउनु पर्नेछ । श्रम सहकारी गठन पश्चात आयोजनाको छनौट गरि कार्यान्वयन योजना बनाउनु पर्नेछ । सम्बन्धित वडा कार्यालयबाट योजना सञ्चालनको लागि श्रम सहकारी सिफारिस भइ आएमा आयोजनाको ड्रइङ, डिजाईन र लागत अनुमान नेपाली भाषामा तयार गरीएको स्वीकृति गरी श्रम सहकारीलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) आयोजनाको कार्यान्वयनको लागि श्रम सहकारी र कार्यालय विच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(३) आयोजनाको प्रकृति हेरी कार्यालयले लागत सहभागिताको ढाँचा र अनुपात (नगद वा श्रमदान वा बस्तुगत ) तोक्नु पर्नेछ । वडा अन्तर्गत टोल टोलमा वा टोलभित्रका वस्तीहरुमा श्रम सहकारी गठन भएका लागत अनुमान अनुसार कार्यगर्न घटाघटमा काम गर्न प्रतिस्पर्धा गराउन सकिनेछ ।

**८. आयोजना सम्झौताको लागि आवश्यक कागजातहरु :**

(१) श्रम सहकारीले कार्यालयसंग सम्झौता गर्दा तपशिलमा उल्लिखित कागजातहरु पेश गर्नु पर्नेछ ।

(क) श्रम सहकारी सिफारिस गर्ने आम भेलाको निर्णयको प्रतिलिपि,

(ख) श्रम सहकारीका सदस्यहरुको नागरिक्ताको प्रतिलिपि,

(ग) आयोजनाको लागत अनुमान विवरण,

(घ) श्रम सहकारीबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको श्रम सहकारीको निर्णय,

(ङ) आयोजनाको कार्यान्वयनको कार्य तालिका,

(चं) खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनको लागि आवस्यक कागजातहरु,

(छ) उपलब्ध न्यूनतम औजारहरु ।

**९. श्रम सहकारीको क्षमता बिकाश :**

(१) कार्यालयले आयोजनाको कार्यान्वयन अगावै श्रम सहकारीका पदाधिकारीहरुलाई निम्न विषयमा अभिमुखिकरण गर्नु पर्नेछ ।

(क) श्रम सहकारीको काम कर्तव्य र अधिकार,

(ख)सम्पादन गर्नुपर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ता र श्रमसहकारीको योगदान,

मुक्तिनाथ गाउँपालिका हुम्ला (प्रमाणित)

(ग) निर्माण सामग्रिको गुणस्तर र परिमाण

(घ) खरिद रकम निकासा प्रकृया, खर्चको लेखांकन र अभिलेख व्यवस्थापन,

(ङ) कार्यान्वयन र अनुगमन प्रक्रिया,

(च) सार्वजनिक परिक्षण, योजनाको फरफारक र हस्तान्तरण,

(छ) अन्य आवस्यक विषयहरु ।

**१०. खाता सञ्चालन :**

(१) श्रम सहकारीको खाता कार्यालयले तोकेको बैंङ्कमा सञ्चालन हुनेछ ।

(२) श्रम सहकारीको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता सञ्चालकहरु मध्ये कम्तिमा एकजना महिला हुनुपर्नेछ ।

**११. भुक्तानि प्रकृया :**

(१) आयोजनाको भुक्तानि दिंदा श्रम सहकारीको नाममा रहेको बैंङ्क खाता मार्फत दिनु पर्नेछ । श्रम सहकारीले एक व्यक्ति वा संस्थालाई ५० हजार भन्दा माथिको रकम भुक्तानि गर्दा चेक मार्फत मात्र गर्नु पर्नेछ ।

(२) श्रम सहकारीलाई सम्झौता बमोजिमको कामको प्राविधिक मुल्यांकन कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत र अन्तिम भुक्तानि दिईनेछ ।

(३) श्रम सहकारीले सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकबाट निर्णय गरि भुक्तानिको लागि आबश्यक कागजात सहित कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) आयोजनाको अन्तिम भुक्तानी हुनु भन्दा अगावै कार्यालयबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै श्रम सहकारीले अनिवार्य रुपमा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परिक्षण गर्नु पर्नेछ । सार्वजनिक परिक्षण प्रतिवेदनको ढाँचा अनुसूची ३ बमोजिम हुनेछ ।

(६) श्रम सहकारीले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सुचना अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्नेछ ।

(७) आयोजनाको कुल लागत रु ३ लाख भन्दा बढि भएका आयोजनाहरुको हकमा श्रम सहकारीले काम शुरु गर्नु भन्दा अगावै आयोजनाको नाम, लागत, साझेदारिको अवस्था, काम शुरु र सम्पन्न गर्नुपर्ने अवधि समेत देखिने गरि तयार गरिएको अनुसूची ५ बमोजिमको ढाँचामा आयोजना सुचना पाटि आयोजना स्थलमा राख्नु पर्नेछ ।

(८) श्रम सहकारीलाई सम्वन्धित कार्यालयले ड्रईङ, डिजाईन, लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँच पास गर्ने लगाएत अन्य प्राविधिक सहयोग उपलब्ध गराउने । आयोजना कार्यान्वयनको समयमा कुनै कारणबाट कार्यालयले प्राविधिक सेवा उपलब्ध गराउन नसकेमा सम्झौतामा उल्लेख गरि तोकिएको खर्चमा सिमा भित्र रहि श्रम सहकारीले करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधिक सेवा लिन सक्नेछ । तर ड्रइङ डिजाइन लागत अनुमान कार्यसम्पन्न प्रतिवेदन र भुक्तानि सिफारिसको कार्य कार्यालय बाट नै हुनेछ ।

(९) श्रम सहकारी बाट निर्माण हुने आयोजनाहरुको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी जनप्रतिनिधि सम्वन्धित प्राविधिक कर्मचारी, श्रम सहकारी र अनुगमन समितिको हुनेछ ।

(१०) अनुकरणीय कार्य गर्ने श्रम सहकारी प्राविधिक कर्मचारी र सम्वन्धित कर्मचारीलाई सभाको निर्णय बमोजिम बार्षिक रुपमा उचित पुरस्कार प्रदान गर्न सकिनेछ ।

(११) तोकिएको समयमा श्रम सहकारी गठन हुन नसकेमा, सम्झौता हुन नसकेमा वा सम्झौताको शर्त बमोजिम कार्य सम्पादन हुन नसकेमा कार्यालयले अन्य प्रकृयाद्वारा काम गराउन सक्नेछ ।

**१२. निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नु पर्ने :**

श्रम सहकारी बाट सञ्चालन हुने आयोजना गुणस्तर सुनिश्चित गर्नु सम्वन्धित श्रम सहकारीको कर्तव्य हुनेछ । गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पुर्णरुपमा पालना गर्नु पर्नेछ ।

(क) निर्माण सामग्रीको गुणस्तर : निर्माण सामग्री ड्रईङ, डिजाइन र स्पेसिफिकेशन बमोजिमको गुणस्तर कायम राख्ने गर्नुपर्नेछ ।

(ख) निर्माण विधि र प्रकृयाको गुणस्तर : निर्माण विधि र प्रकृया कार्यालय सँग भएको सम्झौता बमोजिम गर्नुपर्नेछ ।

(ग) निर्माण कार्यको दिगोपना : श्रम सहकारीबाट कार्यान्वयन भएको योजनाको दिगोपनाको लागि सम्वन्धित श्रम सहकारीले आवश्यक व्यवस्था गर्नुपर्नेछ ।

(घ) गुणस्तर शुनिश्चत गर्ने जिम्मेवारी : श्रम सहकारी मार्फत हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्वन्धित कार्यकोलागि आम उपभोक्ता, प्राविधिक कर्मचारी र श्रम सहकारीको हुनेछ ।

(ङ) लगत राख्नु पर्ने : श्रम सहकारीबाट हुने कामको सम्झौता बमोजिमको समय लागत र गुणस्तरमा सम्पन्न हुन नसकेमा सम्वन्धित प्राविधिक कर्मचारीलाई सचेत गराउने र प्रकृति हेरी आवस्यक्ता अनुसार कार्वाहि गर्न सक्नेछ । यस्तो श्रम सहकारीको लगत राखि श्रम सहकारीका पदाधिकारीले निश्चत समय सम्मको लागि अन्य श्रम सहकारीमा रहि काम गर्न पाउने छैनन् ।

**१३.अनुगमन समितिको व्यवस्था :**

(१) आयोजना तोकीएको गुणस्तर परिमाण र समयमा सम्पन्न गर्न गराउन श्रम सहकारीले सम्पादन गर्ने कार्यको अनुगमन गरि आयोजनाको गुणस्तर परिमाण सुनिश्चित गर्न दफा (४) को (१) (क) बमोजिमको भेलाबाट कम्तिमा समितिमा रहि काम गर्न पाउने छैनन् ।

(२) अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आयोजनाको कार्यान्वयनमा सहजिकरण गर्ने तथा देखिएका बाधा व्यवधान र समस्या समाधानका लागि आवस्यक समन्वय गर्ने ।

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकिन गर्ने र नगरेको पाईएमा सम्वन्धित पक्ष लाई सचेत गराउने ।

(ग) आवश्यक अन्य कार्य गर्ने ।

## परिच्छेद–४
## विविध

**१४. अन्य संस्थाबाट कार्य गराउन सकिने :**

यस कार्यविधि बमोजिम नगर क्षेत्रभित्र गरिने कार्य उपभोक्ता समिति, लाभग्राहि समुह, सामुदायिक संस्था, जस्तै सामुदायिक वन सामुदायिक स्तरका सहकारी संस्थाहरु, टोल विकाश संस्था, आमा समुह, कृषि समुह, महिला समुह कानुन बमोजिम गठन भएका अन्य सामुदायिक संगठन जस्ता संस्थाहरुबाट स्थानीय उपभोक्ताहरुको आमभेलाबाट निर्णय भई आएमा यस्ता संस्थाहरुबाट यस कार्यविधि बमोजिम कार्य संचालन गर्न गराउन सकिनेछ ।

**१५. सहजिकरण र सहयोग गर्नु पर्ने :**

श्रम सहकारीले आयोजनाको सुपरिवेक्षण अनुगमन/निरिक्षण गर्न कार्यालयबाट आएको अनुगमन समिति पदाधिकारी वा कर्मचारीलाई आवस्यक विवरण उपलब्ध गराउने तथा आयोजना स्थल अनुगमनको लागि सहजिकरण सहयोग गर्नुपर्नेछ ।

**१६. श्रम सहकारीको दायित्व :**

श्रम सहकारीले कार्यालयसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले तोकेका शर्तहरुको अतिरीक्त निम्न दायित्व बहन गर्नु पर्नेछ ।

(क) आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्वन्धि आवश्यक कार्य,

(ख) आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणिय सन्तुलन कायम गर्ने सम्वन्धि कार्य,

(ग) अन्य आयोजनाहरुसँग अन्तरसम्वन्ध कायम गर्नुपर्ने,

(घ) असल नागरिकको आचरण पालना गर्नुपर्ने,

(ङ)श्रम सहकारीले आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्दा अनुसूची ६ बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तिय प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१७. मापदण्ड बनाउन सक्ने :**

(१) आयोजनाको गुणस्तर सुनिस्चितताको लागि कार्यालयले अनुगमन, मुल्याङ्कन गरी सम्वन्धित श्रम सहकारीलाई सल्लाह,सुझाव र आवश्यक्ता अनुसार निर्देशन दिनेछ ।

(२) श्रम सहकारीबाट सञ्चालन हुने आयोजनाको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनको लागि कार्यालयले थप मापदण्ड तथा मार्गदर्शन बनाई लागु गर्न सक्नेछ ।

# अनुसूचि–१
**(कार्यविधिको दफा ४ (१) ट सँग सम्वन्धित )**
**श्रम सहकारीको लगत**
**मुसिकोट नगरपालिका**

आ.व.
श्रम सहकारी नाम:
स्थायी लेखा नं. :

| क्र स | श्रम सहकारी को नाम र ठेगाना | पदाधिकारीको नाम र सम्पर्क नं. | | | | जम्मा सदस्य संख्या | गठन मिति | बैठकको नाम | खाता नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

## अनुसूचि–२
### कार्यविधिको दफा ७ (२) सँग सम्वन्धित
### मुसिकोट नगरपालिका
### योजना सम्झौता फारम

१. सम्झौता गर्ने पक्ष र आयोजना :

(क) श्रम सहकारीको विवरण :

(अ) नाम :

(आ) ठेगाना :

(ख) आयोजनाको विवरण :

(अ) नाम :

(आ) आयोजना स्थल :

(इ) उद्देश्य :

(ई) आयोजना सुरु हुने मिति :

(२) आयोजनाको लागत सम्वन्धि विवरण :

(क) लागत अनुमान रु.

(ख) लागत व्यहोर्ने श्रोतहरु :

(अ) कार्यालय :

(आ) श्रम सहकारी :

(इ) अन्य :

(ग) बस्तुगत अनुदानको विवरण सामाग्रिको नाम एकाई

(अ) संघबाट

(आ) प्रदेशबाट

(इ) मुसिकोट नगरपालिकाबाट

(ई) गैह्रसरकारी संघसंस्थाबाट

(उ) विदेश दातृ संघसंस्थाबाट

(ऊ) श्रम सहकारीबाट

(ऋ) अन्य निकायबाट

(घ) आयोजनाबाट लाभान्वीत हुने :

(अ) घरपरिवार संख्या :

(आ) जनसंख्या :



मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

(इ) संगठित संस्था :

(ई) अन्य :

(३) श्रम सहकारी/समुदायमा आधारीत संस्था/गैह्रसरकारी संस्थाको विवरण :

(क) गठन भएको मिति

(ख) पदाधिकारीको नाम र ठेगाना -(नागरीक्ता प्रमाणपत्र नं. र जिल्ला)

(अ) अध्यक्ष :

(आ) उपाध्यक्ष :

(इ) कोषाध्यक्ष :

(ई) सचिव :

(उ) सदस्य :

(ऊ) सदस्य :

(ऋ) सदस्य :

(ग) गठन गर्दा उपस्थित लाभान्वित संख्या :

(४) आयोजना सञ्चालन सम्वन्धि अनुभव :

(५) श्रम सहकारी समुदायमा आधारीत संस्था/गैह्रसरकारी संस्थाले सम्पादित कामको प्राविधिक मुल्यांकनका आधारमा प्राप्त गर्ने किस्ता विवरण :

| किस्ताको क्र.स. | मिति | किस्ताको रकम | निर्माण सामग्रि परिणाम | कैफियत |
|---|---|---|---|---|
| पहिलो | | | | |
| दोस्रो | | | | |
| तेस्रो | | | | |
| जम्मा | | | | |

(६) आयोजना मर्मत सम्भार सम्वन्धि व्यवस्था :

(क) आयोजना मर्मत सम्भारको जिम्मा लिने समिति/संस्थाको नाम :

(ख) मर्मत सम्भारको सम्भावित स्रोत (छ छैन खुलाउने)

- जनश्रमदान :
- सेवा शुल्क :
- दस्तुर चन्दा :
- अन्य केहि भए :

**सम्झौताका शर्तहरु**

**श्रम सहकारीको जिम्मेवारी तथा पालना गरीने शर्तहरु :**

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

(१) आयोजना मिति : ..................... देखि शुरु गरी मिति : ..................... सम्ममा पुरा गर्नु पर्नेछ ।

(२) प्राप्त रकम तथा निर्माण सामाग्रि सम्वन्धित आयोजनाको उद्देश्का लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

(३) नगदि, जिन्सि सामानको प्राप्ति, खर्च र बाँकि तथा आयोजनाको प्रगति विवरण राख्नु पर्नेछ ।

(४) आम्दानि खर्चको विवरण र कार्यप्रगतिको जानकारी श्रमसहकारीमा छलफल गरि अर्को किस्ता माग गर्नु पर्नेछ ।

(५) आयोजनाको कुल अनुमानित लागत भन्दा घटि लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविकनै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानि लिनु पर्नेछ ।

(६) श्रम सहकारीले प्राविधिकको राय, परामर्श एवं निर्देशन अनुरुप काम गर्नु पर्नेछ ।

(७) श्रम सहकारीले आयोजना सँग सम्वन्धित विल भर्पाईहरु, डोर हाजिरि फारमहरु, जिन्सि नगदि खाताहरु समिति/समुहको निर्णय पुस्तिका आदि कागजातहरु कार्यालयले मागेको बखत उपलब्ध गराउनु पर्नेछ र त्यस्को लेखा परिक्षण पनि गराउनु पर्नेछ ।

(८) कुनै सामग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनिबाट खरिद गरि सोहि अनुसारको विल भर्पाई आधिकारीक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(९) मुल्य अभिवृद्धि कर (VAT) लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु. २०,०००।– भन्दा बढि मुल्यको सामग्रिमा अनिवार्य रुपमा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति वा फर्म संस्था वा कम्पनिबाट खरिद गर्नुपर्नेछ । साथै उक्त विलमा उल्लेखित मुल्य अभिवृद्धि कर बाहेकको रकममा १.५ प्रतिशत अग्रिम आयकर वापत करकट्टि गरि बाँकि रकम मात्र सम्वन्धित सेवा प्रदायकलाई भुक्तानि हुनेछ । रु. २०,०००।– भन्दा कम मुल्यको सामग्रि खरिदमा पान नं. लिएको व्यक्ति वा फर्मबाट खरिद गर्नुपर्नेछ । अन्यथा खरिद गर्ने पदाधिकारी स्वयम जिम्मेवाार हुनेछ ।

(१०) प्राविधिकको सिफारिसमा नगरवाट अनुमति पाएर डोजर रोलर लगाएतका मेशिनरी समान भाडामा लिएका एवं घर बहालमा लिई बिल भर्पाइ पेश भएको अवस्थामा १० प्रतिशत घर भाडा कर एवं बहाल कर तिर्नुपर्नेछ ।

(११) प्रशिक्षकले पाउने पारिश्रमिक एवं सहभागिले पाउने भत्तामा प्रचलित नियम अनुसार कर लाग्नेछ ।

(१२) निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै आइटमहरुमा परिवर्तन हुने भएमा अधिकार प्राप्त व्यक्ति/कार्यालयबाट लागत अनुमान संशोधन गरे पश्चात मात्र कार्य गराउनु पर्नेछ । यसरी लागत अनुमान संशोधन नगरि कार्य गरेमा श्रम सहकारी/समुहनै जिम्मेवार हुनेछ ।

(१३) श्रम सहकारीले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत सम्भार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्वन्धित श्रम सहकारीमा रहनु पर्नेछ । सामानको विवरण एक प्रति सम्वन्धित वडा तथा नगर कार्यालयलाई जानकारीको लागि बुझाउनु पर्नेछ । हिनामिना भएको सामानको मूल्य सम्बन्धित श्रम सहकारीबाट असुल उपर गरिने छ ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

(१४) सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानिको लागि कार्य सम्पन्न प्रतिवेदन, नापि किताव, प्रमाणित विल भर्पाई, योजनाको फोटो, सम्वन्धित श्रम सहकारीले आयोजना सञ्चालन गर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता  तथा सहकारी भेलाबाट भएको सार्वजनिक लेखा परिक्षणको निर्णयको प्रतिलिपि तथा सम्वन्धित वडा कार्यालयको सिफारीस सहित अन्तिम किस्ता भुक्तानिको लागि निवेदन पेश गर्नुपर्नेछ ।

(१५) आयोजना सम्पन्न भई कार्यालयबाट जाँचपास गरि अन्तिम लेखा परीक्षण  प्रतिवेदन कार्यालयलाई प्राप्त भए पछि फरफारक लिनुपर्नेछ । साथै आयोजनाको आवश्यक मर्मत संभारको व्यवस्था सम्वन्धित श्रमसहकारीले गर्नुपर्नेछ ।

(१६) आयोजना कार्यान्वयन गर्ने समुह वा श्रम सहकारीले आयोजनाको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन अनुसूचि ६ को ढाँचामा सम्झौतामा तोकिए बमोजिम कार्यालयमा पेश गर्नुपर्नेछ ।

(१७) आयोजनाको दिगो सञ्चालन तथा मर्मत सम्भारको व्यवस्था गर्नु पर्नेछ ।

(१८) आयोजनाको सवै काम श्रम सहकारी/समुहको निर्णय अनुसार गर्नु गराउनु पर्नेछ ।

**कार्यालयको जिम्मेवारी तथा पालना गरीने शर्तहरु :**

१. आयोजनाको बजेट, श्रम सहकारीको काम, कर्तव्य तथा अधिकार, खरिद, लेखांकन, प्रतिवेदन आदि विषयमा श्रम सहकारीका पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

२. आयोजनामा आवस्यक प्राविधिक सहयोग कार्यालयबाट उपलब्ध गराउन सकिने अवस्थामा गराईनेछ र नसकिने अवस्था भएमा श्रम सहकारीले बाह्य बजारबाट सेवा परामर्श अन्तर्गत सेवा लिन सक्नेछ ।

३. आयोजनाको प्राविधिक सुपरिव्यक्षणको लागि कार्यालयको तर्फबाट प्राविधिक खटाईनेछ । श्रम सहकारीबाट भएको कामको नियमित सुपरिवेक्षण गर्ने जिम्मेवारी निज प्राविधिकको हुनेछ ।

४. पेश्की लिएर लामो समयसम्म आयोजना सञ्चालन नगर्ने श्रम सहकारीलाई कार्यालयले नियम अनुसार कारबाहि गर्नेछ ।

५. श्रममुलक प्रविधिबाट कार्य गराउने गरि लागत अनुमान स्वीकृत गराई सोहि बमोजिम सम्झौता गरी मेशिनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाईएमा त्यस्तो श्रम सहकारीसँग सम्झौत रद्द गरि श्रम सहकारीलाई भुक्तानि गरिएको रकम मुल्यांकन गरी बढि भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

६. आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरी फरफारक गर्नुपर्नेछ ।

७. आवश्यक कागजात संलग्न गरी भुक्तानि उपलब्ध गराउन सम्वन्धित श्रम सहकारीबाट अनुरोध भई आएपछि श्रम सहकारीको बैंक खातामा भुक्तानि दिनु पर्नेछ ।

८. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

माथि उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामि निम्न पक्षहरु मन्जुर गर्दछौं ।

| श्रम सहकारी/समुहको तर्फवाट | कार्यालयको तर्फबाट |
|---|---|
| दस्तखत : ................................ | दस्तखत : .......................... |
| नाम थर : .............................. | नाम थर : .......................... |
| पद : ..................................... | पद : ............................... |
| ठेगाना : ................................. | ठेगाना : ............................ |
| सम्पर्क नं. : ............................ | सम्पर्क नं. : ......................... |
| मिति : .................................. | मिति : ............................... |

**अनुसूचि–३**

(कार्यविधिको दफा ११ (५) सँग सम्वन्धित)

सार्वजनिक परिक्षण फारमको ढाँचा पेश गरेको कार्यालय

**१. आयोजनाको नाम :**

(क) स्थल : (ख) लागत अनुमान : (ग) आयोजना शुरु हुने मिति :

(घ) आयोजना सम्पन्न हुने मिति :

**२. श्रम सहकारी/सामुदायिक संस्थाको नाम** (क) नाम :

(ख) अध्यक्षको नाम : (ग) सदस्य संख्या: महिला: पुरुष :

**३. आम्दानि खर्चको विवरण :**

**(क) आम्दानि तर्फ :**

| क.सं. | आम्दानिको श्रोत -कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने रकम वा परिमाण | रकम वा परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

**(ख) खर्च तर्फ**

| क.सं. | खर्चको विवरण | दर | परिमाण | जम्मा |
|---|---|---|---|---|
| १ | सामाग्रि ( के.के. सामग्रि खरिद भयो ?) | | | |
| २ | ज्याला ( कति के मा भुक्तानि भयो ?) | | | |
| ३ | श्रमदान (कति जनाले श्रमदान गरे ?) | | | |
| ४ | व्यवस्थापन खर्च ( ढुवानि तथा अन्य खर्च ? ) | | | |
| | | | | |

**(ग) मौज्दात**

| क.सं. | विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|---|
| १ | नगदि | | |
| २ | बैंक | | |
| ३ | व्यक्तिगत जिम्मा | | |
| ४ | सामग्रिहरु | | |

**(घ) भुक्तानि दिन बाँकि**

| विवरण | रकम वा परिमाण |
|---|---|
| | |

**४. सम्पन्न आयोजनको लक्ष्य तथा प्रगति विवरण**

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| | | |

**५.** आयोजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या - आयोजना सञ्चालन भएको स्थानका उपभोक्ताहरु ।

६. आयोजन सञ्चालन गर्दा आयोजना संस्थामा कामको जिम्मेवारी बाँडफाँड - क–कस्ले कस्तो कस्तो कामको जिम्मेवारी लिएका थिए ? खुलाउने ।

उपस्थिति :

१
२
३
४
५

रोहवर : नामथर : पद : मिति :

द्रष्टव्य : सार्वजनिक परिक्षण कार्यक्रम उपस्थित सरोकारवालाहरुको उपस्थिति अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।

## अनुसूचि–४

(कार्यविधिको दफा ११ (६) सँग सम्वन्धित )

खर्च सार्वजनिक सुचना फारम

१. आयोजनाको नाम : मिति : २० / /

२. आयोजना स्थल : ३. विनियोजित बजेट :

४. आयोजना स्वीकृत भएको आ.व. ५. आयोजना सम्फौता भएको मिति :

६. काम सम्पन्न गर्नु पर्ने मिति : ७. काम सम्पन्न भएको मिति :

८. उ. स. को बैठकले खर्च स्वीकृत गरेको मिति :

**आम्दानि र अर्चको विवरण**

| **आम्दानि** | | **खर्च** | |
|---|---|---|---|
| **विवरण** | **रकम रु.** | **विवरण** | **रकम रु.** |
| प्रथम किस्ता | | ज्याला | |
| दोश्रो किस्ता | | निर्माण सामग्रि खरिद | |
| तेश्रो किस्ता | | ढुवानि | |
| जनश्रमदान | | भाडा | |
| बस्तुगत सहायता | | व्यवस्थापन खर्च | |
| लागत सहभागिता | | | |

माथि उल्लेखितनुसारको आम्दानी तथा खर्च विवरण यथार्थ हो । यसमा सबै आम्दानि तथा खर्चहरु समावेश गरिएको छ । साथै श्रम सहकारी र उपभोक्ताहरुको प्रत्यक्ष सहभागितामा आयोजना कार्यान्वयन गरिएको छ । यसको एक प्रति वडा कार्यालयमा समेत पेश गरिएको छ ।

........................ ........................ ......................

अध्यक्ष कोषाध्यक्ष सचिव

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

# अनुसूचि–५

(कार्यविधिको दफा ११ (७) संगको सम्वन्धित )

आयोजना सुचना पाटीको नमुना

१. आयोजनाको नाम :

२. आयोजना संचालन गर्ने कार्यालय/कार्यक्रमको नाम :

३. श्रम सहकारीको अध्यक्षको नाम र सम्पर्क नं. :

४. आयोजनाको कुल लागत रकम रु. :

४.१ आयोजना कार्यालयबाट व्यहोर्ने लागत रु. :

४.२ जनसहभागिताबाट व्यहोर्ने लागत रु. :

४.३ आयोजनामा लगानि गर्ने अन्य निकायको नाम र व्यहोर्ने लागत रकम रु. :

५. आयोजना सम्झौता मिति :

६. आयोजना सम्पन्न गर्ने मिति :

७. आयोजनाबाट लाभान्वित जनसंख्या :

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

## अनुसूचि–६

(कार्यविधिको दफा १६ (ङ) सँग सम्वन्धित)

श्रम सहकारीको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन

विवरण पेश गरेको कार्यालय .......................

१. आयोजनाको विवरण

आयोजनाको नाम : वडा नं. ... टोल/वस्ति ........

श्रम सहकारीका अध्यक्ष : सचिव :

२. आयोजनाको लागत : प्राप्त अनुदान रकम रु. ................................. चन्दा रकम रु. ......................

जनसहभागिता रकम रु. ............................... जम्मा रकम रु. ..............................

३. हाल सम्मको खर्च रु. .....................................

(क) कार्यालय बाट प्राप्त रकम रु. ...............................

१. निर्माण सामग्रिमा ( सिमेन्ट, छड,काठ, ढुंगा वा ढुंगा, गिट्टी, उपकरण आदि ) रु.

२. ज्याला :– दक्ष रु. ........................ अदक्ष्य रु. ...................... जम्मा रु. ........................

३. मसलन्द सामान (कपि,कलम, मसी, कागज, आदि ) रु.

४. अन्य रु.

(ख) जनसहभागिताबाट वहोरिने आयोजना रकमको १० प्रतिशत श्रमको मुल्य बरावर रकम रु. ...................

जिन्सि सामान मुल्य बराबर रकम रु. ....................... कुल जम्मा रु. .......................

४. प्राविधिक प्रतिवेदन बमोजिम मुल्यांकण रकम रु. ...............................

५. श्रम सहकारी र उपभोक्ता समुहको निर्णय बमोजिम/समिक्षाबाट खर्च देखियको रु. .........................

६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु

क.

ख.

ग.

भुमिकास्थान नगरपालिका रुकुम (पश्चिम)

७. समाधाानका उपायहरु :

क.

ख.

ग.

८. कार्यालयबाट र अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझाव :

९. हाल माग गरेको किस्ता रकम रु.

१०. मुख्य खर्च प्रयोजन रु.

११. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्न गराउने छैनौं ।

| | | | |
|---|---|---|---|
| ...................... | ...................... | ........................ | ...................... |
| तयार गर्ने | सचिव | कोषाध्यक्ष | अध्यक्ष |

**आज्ञाले**

**प्रमाणीकरण मिति २०७५ मंसीर १२ गते**

**(माधव प्रसाद शर्मा)**
**प्रमुख प्रशासकीय अधिकृत**



मुसिकोट नगरपालिका रुकुम (पश्चिम)